# १.सूचीकरण र योगदान रकम संकलन

सामाजिक सूरक्षा कोषबाट हाल सञ्चालनमा ल्याइएका योजनाहरू औपचारिक क्षेत्रभित्र नीजि क्षेत्र र वैदेशिक रोजगारी/स्वरोजगारमा रहेका श्रमिकलाई मात्र समेटिएकाले अन्य क्षेत्रमा समेत चरणबद्ध रूपमा प्रवेश गर्नु संवैधानिक र कानुनी मार्गदर्शन रहेको देखिन्छ ।यसै अनुरुप कोषले अनौपचारीक तथा स्वरोजगार क्षेत्रमा रहेका श्रमिक तथा व्यक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने गरि कार्यविधिहरु स्वीकृत भएको छन्। सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयनको अनुभव र परिपक्वतासँगै भविष्यमा सबै क्षेत्रमा सामाजिक सुरक्षा योजनाहरू कोषबाटै सञ्चालन हुने योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले पथप्रदर्शित गरेको छ।

सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनका लागि सम्बन्धित रोजगारदाता सर्वप्रथम सूचीकृत हुनुपर्ने हुन्छ । तत् पश्चात् आफू अन्तरगत श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरूको सूचीकरण गर्नुपर्दछ । वि. स.२०७५ मंसिर ११ गते देखि संगठित निजि क्षेत्रका प्रतिस्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने र वि.स. २०७६ श्रावण ०१ देखि योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविधितै छ | साथै वि.स.२०७९ चैत्र ८ गते देखि वैदेशिक रोजगार र बैदेशिक स्वरोजगारमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने र योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविधितै छ | परिणामस्वरुप आ.व.२०७९/८० तेश्रो त्रैमाषिक सम्मको सूचीकरण र योगदान रकम संकलनको जम्मा प्रगति निम्नानुसार छ ।

| सूचीकरण | आ.व.२०७९/८० दोश्रो त्रैमासिक सम्मको जम्मा प्रगति | आ.व.२०७९/८० तेस्रो त्रैमासिक अवधिको जम्मा प्रगति | आ.व.२०७९/८० तेस्रो त्रैमासिक सम्मको जम्मा प्रगति |
|---|---|---|---|
| रोजगारदाता (जना) | १७५८२ | २२७ | १७८०९ |
| योगदानकर्ता (जना) | ३८६८१४ | ६४९१५ | ४५१७२९ |
| योगदान रकम संकलन (रु) | २८१८६००७४३२.५ | ३९२३३१२०४२ | ३२१०९३१९४७४.८९ |

## २.दावी भुक्तानी विवरण

सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि अनुसार सुविधा भुक्तानी लिन अनलाइनमार्फत भुक्तानीका लागि निवेदन दिनुपर्ने र हरेक सुरक्षा योजनाको भुक्तानीका लागि अलगअलग निवेदनका ढाँचा व्यवस्था गरिएको छ । औषधी उपचार वापतको रकम अस्पताललाई नै भुक्तानी दिइने र पेन्सन,प्रसुती विदा, शिशु स्याहारलगायतका सुविधा वापतको रकम योगदानकर्तालाई बैंक खातामार्फत भुक्तानी गरिने व्यवस्था छ । तथापि आ व २०७८।७९ को अन्त्यसम्म संरचनागत तयारीका अभावले गर्दा अधिकांश दाबी भुक्तानी म्यानुअल रुपमा गरिएकोमा स्वास्थ्य संथाको विस्तार सँगै हाल अधिकांश भुक्तानीहरु अनलाइन वाट भुक्तानि हुँदै आएको छ । आ.व.२०७९/८० तेस्रो त्रैमासिक सम्म अनलाइन र म्यानुअल रुपमा गरिएका सम्पूर्ण दाबी भुक्तानी विवरण देहायबमोजिम रहेको छः

| सुविधा योजनाहरु | आ.व.२०७९/८० दोश्रो त्रैमासिक सम्मको जम्मा प्रगति | | आ.व.२०७९/८० तेश्रो त्रैमासिक अवधिको जम्मा प्रगति | | आ.व.२०७९/८० तेश्रो त्रैमासिक अवधि सम्मको जम्मा प्रगति | |
|---|---|---|---|---|---|---|
| | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी संख्या | दावी भुक्तानी रकम (लाख) |
| औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | ४१७८५ | ३६०० | २१५६२ | १२४२ | ६३३४७ | ४८४२ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | १५३९ | ४२९ | ५७१ | १५१ | २११० | ५८० |
| आश्रित परिवार सुरक्षा योजना | ५६२० | ५४६ | १५९६ | १४२ | ७२१६ | ६८८ |
| वृद्ध अवस्था सुरक्षा योजना | ३६८८० | २६८४० | ८१५५ | ७९२१ | ४५०३५ | ३४७६१ |
| जम्मा | **८५८२४** | **३१४१५** | ३१८८४ | ९४५६ | ११७७०८ | ४०८७१ |

माथि उल्लेखित दाबीहरूमध्ये सबैभन्दा धेरै दाबी औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा परेको देखिन्छ । त्यसैगरी, दोस्रो, तेस्रो र चौथोमा क्रमशः, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रहेका छन् ।

**३. अन्तरक्रियात्मक, सचेतना, साक्षरता र प्रचार -प्रसारका कार्यक्रमहरु तथा प्रविधि मैत्री सेवा- प्रवाह**

- स्थलगत र भर्चुअल गरि आ.व.२०७९/८० को तेश्रो त्रैमासिक अवधिमा मात्र द्विपक्षीय र त्रिपक्षीय गरि २१ वटा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ |
- योगदानकर्ताद्वारा हुने योगदानरकम संकलन Multibank-Multichannel collection API UPGRADE गरि संचालनमा ल्याइएको छ |
- सुबिधा दाबी भुक्तानी ONLINE गर्ने गरि औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजना अन्तर्गतका दाबी (कोषसंग MOU गरिएका १५० अस्पत्ताल मध्ये ४६ वटा अस्पत्तालबाट सेवा प्रवाह, दाबी गर्ने र दाबी भुक्तानी गर्ने कार्य निरन्तर भैरहेको छ र बाकि (OFFLINE मार्फत गरिएका) तथा आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतका दावी पनि कोषले ONLINE मार्फत भुक्तानी गरिरहेको छ ।

## ४. अन्य :

- आ.व.२०७९/८० को तेश्रो त्रैमासिक अवधिमा योगदानाकर्ता सापटी अन्तर्गत ५७५८ जनालाई कूल रु. १०६३९२७७६४ रकम वितरण गरिएको ।
- वैदेशिक रोजगारी/स्वरोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट संचालित सुरक्षा योजनामा आवद्द गर्ने कार्य निरन्तर चलिरहेको ।
- अनौपचारीक र स्वरोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट संचालित सुरक्षा योजनामा आवद्द गर्न आवश्यक कार्यविधिहरु स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको।
- नेपालगंज,बुटवल र पोखरामा कोषको सम्पर्क कार्यालय स्थापनाको स्वीकृति प्राप्त भइ संचालनमा ल्याइएको ।